जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ५८ • २०८३ साल साउन १ गते शुक्रबार (17 July, Friday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-


## महतो थुनामुक्त



**टुडे समाचारदाता**

जलेश्वर। पूर्व सांसद लक्ष्मी महतो विहिवार थुनामुक्त भएका छन्। थमन विक हत्या प्रकरणमा दुई साताअघि पक्राउ परेका एमालेका पूर्वसांसद लक्ष्मी महतो कोइरीलाई थुनामुक्त गर्न सर्वोच्च अदालतले आदेश दिएको थियो।

कोइरीका छोरा मनोज कुमार महतोले दायर गरेको बन्दीप्रत्यक्षीकरण रिटमाथि सुनुवाइ गर्दै अदालतले रिह ।गर्ने आदेश दिएको हो।

सर्वोच्च अदालतको मुद्दा तथा रिट महाशाखाद्वारा जारी पत्र अनुसार कोइरीलाई अन्य कुनै मुद्दामा थुनामा राख्नु नपर्ने भए बिहीबार थुनामुक्त गर्न कारागार कार्यालय महोत्तरी, जलेश्वरलाई निर्देशन दिइएको थियो।

उच्च अदालत जनकपुरले बुधबार ५ वर्ष कैद सजाय सुनाएपछि प्रहरीले उनलाई असार १८ मा महोत्तरीको गौशालाबाट नियन्त्रणमा लिएको थियो।

यसअघि महोत्तरी जिल्ला अदालतले उक्त मुद्दामा कोइरीलाई सफाइ दिएको थियो। तर, उच्च अदालतले जिल्ला अदालतको फैसला उल्ट्याउँदै ५ वर्ष कैद सजाय सुनाएको थियो।

### मधेश प्रदेशमा सरकार खतरामुक्त

# तीन दलका नेताहरुबीच प्रदेश स्तरमा सहमति

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस र नेकपा एमालेबीचको गठबन्धन भत्किएपनि मधेश प्रदेश सरकारमा त्यसको प्रभाव देखिएको छैन्।

सत्तासिन तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का प्रदेश नेताहरुबीच सत्ता गठबन्धनलाई निरन्तरता दिने बिहिवार अपरान्ह सहमति भएको छ।

मुख्यमन्त्री कृष्णा यादवको निवासमा एमाले दलका नेता समेत रहेका पूर्व मुख्यमन्त्री सरोज कुमार यादव र नेकपा दलका नेता समेत रहेका अर्थमन्त्री युवराज भट्टराई सहितको बैठकले मधेश प्रदेशमा तीन दलीय गठबन्धनलाई निरन्तरता दिने सहमति भएको छ।

मधेश प्रदेशमा गठबन्धनलाई निरन्तरता दिन नहुने दवाव कांग्रेसको केन्द्रिय तहमा छ ।तर दलका नेताहरुले प्रदेश स्तरमा बैठकगरि सरकारलाई निरन्तरता दिने सहमति भएको तीनै दलका नेताहरुले जनाएका छन्।

एमाले दलका नेता सरोज कुमार यादवले तीन दलबीच सत्ता समिकरणलाई निरन्तरता दिने सहमति भएको जनाउ केन्द्रिय नेताहरुलाई दिइसकेको बताएका छन्।

'अन्य प्रदेशमा गठबन्धन भत्किएपनि मधेश प्रदेशमा निरन्तरता दिने कारण सहित केन्द्रिय नेताहरुलाई जानकारी दिएको छ ' उनले भने, एमालेका नेताहरु गठबन्धनलाई निरन्तरता दिने सहमतिलाई सकारात्मक भनेका छन्।

मधेश प्रदेशमा सत्तागठबन्धनलाई निरन्तरता दिन गरिएको निर्णयप्रति सत्तारुढ दल नेपाली कांग्रेसका प्रभावशाली सांसद सरोज यादवले असहमति जनाएका छन् ।'६ वटा प्रदेशमा एमालेसितको गठबन्धन भत्किने तर मधेश प्रदेशमा



रहने सबाल नै हुँदैन् ' उनले भने, दलको बैठक बिना नै नेताले मात्र निर्णय गरेर हुँदैन्।

नेकपा एमालेसित सहकार्य गर्ने पक्षमा नेपाली कांग्रेस नरहेको उनले प्रष्ट गरे ।कुनै नेताले आफ्नो व्यक्तिगत स्वार्थका लागि पार्टीलाई प्रयोगगर्न नसक्ने यादवले बताए।

'सातवटै प्रदेशमा एमालेसित गठबन्धन कायम रहे मात्र मधेश प्रदेशमा कायम रहनेछ' सांसद यादवले भने, तर अन्य प्रदेशहरुमा गठबन्धन नरहे मधेश प्रदेशमा संभव छैन् ।गठबन्धन रहने अथवा नरहने निर्णय केन्द्रिय नेताहरुले लिने उनले बताए।

'मधेश प्रदेश सरकारको नेतृत्व नेपाली कांग्रेसले गरेपछि प्रदेशमा पार्टीलाई ठूलो क्षति भएको छ' उनले भने, भ्रष्टाचार, कमिसनका लागि मात्र सरकारमा रहँदा पार्टीले थप क्षति ब्यहोर्नुपर्ने छ।

नेपाली कांग्रेसका केन्द्रिय सदस्य रामपल्टन साहले एमालेसितको सहकार्य नटिक्ने बताएका छन् ।' एमालेसितको सहकार्य कुनैपनि प्रदेशमा अब हुन सक्दैन्' उनले भने, मधेश प्रदेशमापनि एमालेसित सरकारमा रहनु भन्दा विपक्षमा नै रहन उपयुक्त हुनेछ।

कांग्रेसका शीर्ष नेतृत्वको तहमा एमालेसित प्रदेश सत्तामा सहकार्य नगर्ने सहमति भइसकेको उनले बताए ।प्रदेशको निर्णयले गठबन्धन अगाडी नबढने उनले प्रष्टयाए।

नेपाली कांग्रेसले एमालेसितको सहकार्यमा ठूलो क्षति ब्यहोरेको नेताहरुले बताउँदै आएका छन् ।उनीहरुले एमालेसित सहकार्य नगरि संगठनलाई सुदृढ बनाउने तर्फ केन्द्रित हुनुपर्नेमा जोड दिएका छन्।

सुदुर पश्चिम प्रदेशमा नेकाँ नेतृत्वको सरकारलाई एमालेले बजेट पास गर्न असहयोग गरेपछि कर्णाली प्रदेशमा कांग्रेसका मन्त्रीहरुले राजिनामा गरिसकेका छन् ।सुदुरपश्चिममा मुख्यमन्त्रीले एमालेका मन्त्रिहरुलाई बुधवार नै बर्खास्त गरिसकेका छन् ।कोशी प्रदेशका कांग्रेसका सांसदहरुले गठबन्धनको विषयमा छलफल गरेका छन् ।तर उनीहरुले गरेको निर्णयबारे केन्द्रिय नेताहरुले कुनै धारणा सार्वजनिक गरेका छैनन्।

उच्चस्रोतहरुका अनुसार कांग्रेसका सभापति गगन कुमार थापा र एमालेका नेताहरुबीच विहिवारपनि छलफल भएको छ ।तर गठबन्धनलाई कायम राख्ने विषयमा सहमति हुन नसकेको स्रोतले जनाएका छन्।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल बिरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको छ ।एमालेबाट मुख्यमन्त्री बनेका कँडेल बिरुद्ध नेकपाका ११ जना, कांग्रेसका ५ जना र एकजना रामकुमार शर्मा समेतले अविश्वास प्रस्ताव दर्ता गराएका छन्।

प्रदेश सभामा अविश्वासको प्रस्ताव दर्ता भइसकेपछि कांग्रेसलाई फिर्ता हुन समस्या देखिएको छ ।नेकपाले सुदुर पश्चिममा कांग्रेसलाई समर्थन दिने संकेत गरेसँगै कर्णाली प्रदेशमा अविश्वासको प्रस्ताव दर्ता गरिएको छ।

सुदुरपश्चिम र कर्णाली प्रदेशको विवादलाई अन्य प्रदेशमा नल्याउन कांग्रेस र एमालेका सांसदहरुले शीर्ष नेताहरुमाथि दवाव दिन थालेका छन् ।बागमती प्रदेशमा भने एमालेका मन्त्रीहरुले दिने राजिनामा रोकिएको छ।

स्रोतहरुका अनुसार एमालेका अध्यक्ष केपी शर्मा ओलीको निर्देशनमा बागमती प्रदेशमा मन्त्रीहरुको राजिनामा रोकिएको छ ।बागमतीमा एमालेका ६ जना मन्त्री छन् ।मुख्यमन्त्री कांग्रेसका छन्।

एमालेबाट स्वास्थ्य मन्त्री रहेका किरण थापा मगरले जनाए अनुसार केन्द्रिय निर्देशन बमोजिम हाललाई राजिनामा रोकिएको छ।

'हामी राजिनामा दिने तयारी गरिसकेका थियौं' उनले भने, तर पार्टी अध्यक्षले हाल राजिनामा नगर्न निर्देशन दिएकाले तत्काल रोकिएको छ।

एमालेबाट थापा सहित मधुसुदन पौडेल, दिनेशचन्द्र देवकोटा, जयराम थापा, भरतबहादुर केसी र बिन्दु श्रेष्ठ सरकारमा रहेका छन्।

# ट्रेडमार्क चोरीको आरोपमा मुरारका पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम ।प्रतिष्ठित कम्पनी मार्वलको लोगो र ट्रेडमार्क चोरी गरेको अभियोगमा जानकी प्लाष्टिक उद्योगका सञ्चालक नवल मुरारका भन्ने नवकृष्ण मुरारकालाई विहिवार प्रहरीले पक्राउ गरेको छ।

असारको पहिलो हप्ता सिरहा जिल्लाको गोलबजारस्थित एउटा हार्डवेयरको पसलबाट प्रहरीले भारी परिमाणमा मार्वल कम्पनीको लोगो र नाम उल्लेख गरिएको प्लाष्टिकको पाइप बरामद गरेको थियो।

व्यवसायी समेतलाई पक्राउगरि प्रहरीले अनुसन्धानगर्दा जानकी प्लाष्टिक उद्योगले मार्वलको लोगो र नाम चोरीगरि नक्कली पाइप बनाएको खुलेको थियो ।प्रहरीले धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिकाको वडा नम्बर ७ भगवतीपुरमा अवस्थित सो उद्योगमा प्रहरीले छापामारी थप पाइप समेत बरामद गरेको थियो।



मुरारका परिवार नै भारतमा रहेकाले प्रहरी कारवाहीबाट जोगिएका थिए ।स्रोतका अनुसार मुरारकाले काठमाण्डु पुगेर मार्वल कम्पनीको आधिकारिक व्यक्तिहरुसित घटनालाइ मिलाउन छलफल गरेका थिए ।तर सहमति हुन नसकेपछि मार्वल कम्पनीको आग्रहमा प्रहरीले मुरारकालाई पक्राउ गरेको बताइएको छ।

मध्यान्ह पक्राउ परेका मुरारकालाई सिरहा जिल्ला प्रहरी कार्यालयको भ्यानमा लगिएको थियो ।उनलाई केहि घण्टा वडा प्रहरी कार्यालय मुजेलियामा राखिएको थियो।

सिरहा प्रहरीले जनाए अनुसार प्रयाप्त प्रमाणको आधारमा मुरारकालाई धनुषाबाट पक्राउगरि ल्याइएकोछ ।उनीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी समेत रहेका डीएसपी रमेश बहादुर पालले अनुसन्धानको क्रममा मुरारकालाई बिहिवार नियन्त्रणमा लिएको जनाएका छन्।

घटनाको अनुसन्धान भइरहेको छ 'डीएसपी पालले भने, पक्राउ परेका व्यवसायीसित सोधपुछ भइरहेको र झण्डै दश जनालाई अनुसन्धानको दायरामा राखिएको छ।

प्रहरीका अनुसार मुरारकाले तीन वर्ष बढी देखि मार्वलको नामबाट पाइप बनाउने गरेको खुलेकोछ ।कवाडको प्लाष्टिकबाट पाइप उत्पादन गर्ने मुरारकाले मार्वलको नाममा महँगो दरमा बिक्री गरेको व्यवसायीहरुले बताउने गरेका छन्।

सिरहा जिल्लाको गोलबजार नगरपालिकाको वडा नम्बर ४ स्थित नेहाल आइरन स्टोरबाट भारी परिमाणमा मार्वलको नक्कली लोगो र नाम उल्लेख गरिएको प्लाष्टिकको पाइप प्रहरीले बरामद गरेको थियो ।जिल्ला प्रहरी कार्यालयबाट खटेको विशेष प्रहरी टोलीले नेहाल आइरन स्टोरमा छापामा मारेर भारी परिमाणमा बोरवेल पाइप बरामद गरेको थियो।

नेहाल आइरनबाट बिभिन्न आकारका बोरवेल पाइप बरामद भएसँगै सञ्चालक साबिर खानलाई समेत नियन्त्रणमा लिएको थियो ।पाइप उत्पादन गर्ने उद्योग लगायत बिक्री बितरण गर्ने बिक्रेताहरुको खोजी र अनुसन्धान गरिरहेको प्रहरीले मुरारकालाई नियन्त्रणमा लिएको छ।

मुरारकालाई नियन्त्रणमा लिएपनि जानकी प्लाष्टिक उद्योगको प्रमुख मुरारकाकी श्रीमती अनिता मुरारका रहेको बताइएको छ।

जानकी प्लास्टिक उद्योगले मार्वल कम्पनीको नाम र लोगो अंकितगरि पाइप उपलब्ध गराएको व्यवसायीहरुले बताइरहेका छन्।

इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको टोलीले सिरहा नगरपालिकाको वडा नम्बर २० लकडीगोठ बस्ने ४५ वर्षीय महम्मद साबिर खानले सञ्चालन गरेको नेहाल आइरन स्टोरमा खानतलासी गरेको थियो।

खानतलासीका क्रममा १ सय १४ एमएम, १ सय १० एमएम र ९० एमएम साइजका गरी ६ सय ३२ थान बोरवेल पाइप बरामद गरिएको थियो। प्रहरीका अनुसार ती पाइपमा मार्वल कम्पनीको नाम र लोगो प्रयोग गरिएको थियो। कम्पनीका आधिकारिक प्रतिनिधिले प्रारम्भिक परीक्षणका क्रममा ती पाइप कम्पनीका आधिकारिक उत्पादन नभएको आधिकारिक धारणा सार्वजनिक गरिसकेको छ।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा स्टोर सञ्चालक महम्मद साबिर खानले मार्वल कम्पनीको नाम र लोगो प्रयोग गरिएका पाइप बिक्री भएको स्वीकारेपछि अनुसन्धानले तिव्रता पाएको हो।


उपभोक्तालाई ठगी गरेको तथा ट्रेडमार्क उल्लंघनसम्बन्धी कसुरमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको हो।

मार्वल टेक्नो प्लास्टका मार्केटिङ म्यानेजर सुदीप न्यौपानेले नेहाल आइरन स्टोरले करिब तीन वर्षदेखि कम्पनीको नाम र ब्रान्डिङ दुरुपयोग गर्दै आफ्ना उत्पादनको नाममा पाइप बिक्री गर्दै आएको आरोप लगाएका छन्।

बजार अनुगमनका क्रममा मधेश प्रदेशमा उपभोक्ताले आफूहरूले मार्वल ब्रान्डकै पाइप प्रयोग गरिरहेको बताएपछि कम्पनीले आफ्नो बिक्री अभिलेखसँग तुलना गरेको थियो। त्यस क्रममा उक्त क्षेत्रमा कम्पनीबाट कुनै आधिकारिक आपूर्ति नभएको देखिएपछि थप अनुसन्धान गरिएको र कम्पनीकै नाम तथा लोगो प्रयोग गरिएका पाइप बिक्री भइरहेको फेला परेको न्यौपानेले दाबी गरेकाछन्।

यसअघि पनि सम्बन्धित व्यवसायीलाई यस्तो गतिविधि नगर्न मौखिक रूपमा सचेत गराइएको बताउँदै उनले भने, तर पुनः उही कार्य दोहोरिएको पाइएपछि कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइएको छ । नक्कली ब्रान्डिङ प्रयोग गरिएका उत्पादनको कारोबारले कम्पनीको प्रतिष्ठा, उपभोक्ताको विश्वास तथा सुरक्षामा समेत असर पुग्ने उनको भनाइ छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# एमालेको हठ

चरम आन्तरिक विवादमा रहेको नेकपा एमालेको पछिल्लो निर्णय आत्मघाती भएको छ ।सुदुरपश्चिममा नेपाली कांग्रेस नेतृत्वको सरकारलाई बजेट पारित गर्न असहयोग गरेपछि उत्पन्न भएको राजनीतिक संकटको हावा सातवटै प्रदेशमा चलेको छ ।कांग्रेसले एमालेसित सबै प्रदेशमा रहेको गठबन्धनलाई तोड्ने निर्णय गरेको छ ।त्यो निर्णयले एमालेलाई मात्र नभै कांग्रेसलाईपनि क्षति हुनेछ ।कांग्रेसले नेपाली कम्युनिष्ट पार्टी(नेकपा)सित तालमेल गर्ने संभावना बलियो छ ।तर कांग्रेसलाई नेकपाले सहयोग नगरे कांग्रेस सबै प्रदेशमा सरकार भन्दा बाहिर रहनु पर्नेछ ।कांग्रेसको पछिल्लो निर्णय अत्यन्त जोखिमपूर्ण छ ।सरकारको नेतृत्व गरिरहेको बागमती र मधेश प्रदेशमापनि कांग्रेसलाई सत्ता बाहिर जानु पर्नेछ ।नेकपाले एमालेलाई सहयोग गर्ने विश्वासिलो आधार छैन् ।संघीय सरकार अक्रामक रुपमा कामलाई अगाडी बढाएपछि अत्तालिएको एमालेले कांग्रेस र नेकपासित गठबन्धन गरेको थियो ।त्यस क्रममा नै एमालेले मधेश सरकारमा छिर्ने मौका पाएको थियो ।अन्य प्रदेशहरुमापनि एमाले सरकारमा सहभागि भएको थियो ।तर त्यसको तीन महिना नहुँदै गठबन्धन भत्किएको छ ।प्रदेश सरकार गठनमा मधेश बाहेक नेकपा निर्णायक शक्ति बनेको छ ।नेकपाको समर्थनमा मधेश बाहेकको प्रदेशहरुमा सरकार गठन हुन सक्छ ।नेकां र एमालेसहितको गठबन्धन भत्किएपछि प्रदेश सरकारमा तत्कालै असर परेपनि अन्य कयौ क्षेत्रमा समेत बिस्तारै असर पर्नेछ ।पुराना तीन दलका नेताहरुले बिगतमा गरेका अनियमितताहरुको छानविन र अन्य निर्णयहरुलाई बालेन्द्र शाह(बालेन) नेतृत्वको सरकारले कारवाहीको दायरामा ल्याउन लागेको छ ।त्यसमा एमालेका कयौं नेताहरु पर्ने संभावना छ ।त्यसकारणपनि अहिले विपक्षी दलहरुबीच बलियो तालमेल हुन जरुरी छ ।सरकारले संविधान संशोधन लगायतका विषयमा लिने निर्णयलाई जनहितमा रहे नरहेको परीक्षणगरि समर्थन र बिरोध गर्नपनि तीन दलीय गठबन्धनलाई कायम राख्नु पर्छ ।तीन दलीय गठबन्धन एमालेको हठको कारण भत्किएको छ ।एमालेका अध्यक्ष केपी शर्मा ओलीकै कारण पार्टीपनि पूनर्गठनको प्रकृयामा अगाडी बढेको छ ।संगठन भित्र ओली निकै कमजोर देखिएको छ । उनका निकट सहयोगीहरुले साथ छाडेको छन् ।पूर्व राष्ट्रपति विद्या देवी भण्डारीको अग्रसरतामा एमाले, नेकपा लगायतका वामपन्थीहरुलाई मिलाउन गरिएको प्रयासलाई ओलीले नै सफल हुन दिएन् । पार्टीको अध्यक्षबाट ओलीलाई हटाएर नेकपासित गठबन्धन गर्नेहरु बलिया भए कांग्रेससितपनि गठबन्धन हुन सक्छ ।हाल भने एमालेको हठले कांग्रेस सहितको तीन दलीय गठबन्धन भत्किएकोछ ।यसबाट बढी क्षति एमालेलाई नै हुने देखिन्छ ।एमालेको हठ र अदुरदर्शी निर्णयले पार्टीलाई पटक पटक क्षति हुँदै आएको छ ।तीन दलीय गठबन्धनलाई कायम राख्न एमालेले अझैपनि वातावरण बनाउन आवश्यक छ ।

# आर्थिक समृद्धिको नयाँ आधार बन्दै वन

**भेषराज बस्नेत**

बाँकेमा वन जोगाउने अभियान वातावरणीय सन्तुलनमा मात्र सीमित नभई आर्थिक समृद्धिको नयाँ आधारका रुपमा विकसित हुँदै गएको छ । वन संरक्षणलाई केवल वातावरण जोगाउने एउटा सीमित र परम्परागत दायित्वका रूपमा मात्र हेरिन्थ्यो तर पछिल्ला वर्षहरूमा बाँके जिल्लाले वन संरक्षणको परिभाषा मात्र बदलेको छैन, यसलाई स्थानीय अर्थतन्त्र र समृद्धिको बलियो आधारसमेत बनाएको छ। यो स्थानीय रोजगारी, आयआर्जन, पर्यटन प्रवर्द्धन र जैविक विविधताको संरक्षणसँग जोडिएको एउटा बृहत् हरित आर्थिक अभियानका रूपमा विकसित भइरहेको छ।

बाँके राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र सरकारद्वारा व्यवस्थित वनहरूले जिल्लाको ठूलो भूभाग ओगटेका छन् । यहाँका वन क्षेत्रमा बाघ, गैँडा, हाती, चितुवा, जरायो, बँदेल, नीलगाईलगायतका दुर्लभ वन्यजन्तुको वासस्थान रहेको छ। वन संरक्षण प्रभावकारी बन्दै जाँदा वन्यजन्तुको सङ्ख्या बढेको छ भने वन क्षेत्रको घनत्वसमेत सुधारिएको डिभिजन वन कार्यालय बाँकेका प्रमुख सिनियर डिभिजनल वन अधिकृत शङ्करप्रसाद गुप्ताले जानकारी दिनुभयो ।

उहाँका अनुसार बाँकेका सामुदायिक वनहरू अहिले ग्रामीण अर्थतन्त्रका महत्वपूर्ण आधार बनेका छन् । वन उपभोक्ता समूहहरूले काठ, दाउरा, घाँस तथा विभिन्न गैरकाष्ठ वन पैदावारको व्यवस्थापन गरेर वार्षिक लाखौँ रूपैयाँ आम्दानी गरिरहेका छन् । ती रकम वन संरक्षण, सामुदायिक विकास, विद्यालय, सडक तथा विपन्न परिवारको सहयोगमा खर्च गरिँदै आएको छ । यसले वन संरक्षण र सामाजिक विकासलाई एकसाथ अगाडि बढाएको छ।

वनबाट प्राप्त हुने गैरकाष्ठ वन पैदावारको सम्भावना पनि बाँकेमा उल्लेखनीय छ । सतुवा, कुरिलो, हर्रो, बर्रो, अमला, बेल, मह तथा विभिन्न जडीबुटीजन्य उत्पादनहरू स्थानीय समुदायका लागि आम्दानीको स्रोत बनेका छन् । पछिल्लो समय यस्ता उत्पादनको व्यावसायिक खेती तथा प्रशोधनतर्फ आकर्षण बढ्दै गएको छ । वनमा आधारित उद्यम सञ्चालन गरेर धेरै युवाले रोजगारी पाएका छन् । विदेश जानुपर्ने बाध्यता केही हदसम्म कम गर्न पनि यस्ता गतिविधिले सहयोग पुऱ्याइरहेका छन् । राष्ट्रिय वनसँगै जोडिएको बाँके राष्ट्रिय निकुञ्जले पनि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको डिभिजन वन कार्यालय बाँकेका प्रमुख सिनियर डिभिजनल वन अधिकृत गुप्ताले बताउनुभयो ।

बाँके निकुञ्ज स्थापना भएपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएको छ। वन्यजन्तु अवलोकन, जङ्गल सफारी, प्रकृति अध्ययन र पर्यावरणीय पर्यटनका गतिविधिले स्थानीय होटल, यातायात तथा अन्य व्यवसायलाई चलायमान बनाएको छ । पर्यटनसँग जोडिएका स्थानीय युवाले प्रकृति पथप्रदर्शक, होटल व्यवसायी तथा सेवा प्रदायकका रूपमा रोजगारी प्राप्त गरिरहेका छन् । यसले वन संरक्षणबाट प्रत्यक्ष आर्थिक लाभ लिन सकिने उदाहरण प्रस्तुत गरेको छ।

"वन संरक्षणले कृषि क्षेत्रमा पनि सकारात्मक प्रभाव पारेको छ। बाँकेका धेरै क्षेत्रमा वन संरक्षणका कारण मुहान र जलाधार क्षेत्र सुरक्षित भई यसबाट खेतीपातीका लागि आवश्यक पानी उपलब्ध हुन मद्दत पुगेको छ", गुप्ताले भन्नुभयो, "अब वनलाई केवल संरक्षणको दृष्टिले मात्र होइन, हरित अर्थतन्त्रको आधारका रूपमा हेर्न आवश्यक छ। कार्बन व्यापार, पर्यावरणीय सेवा, प्रकृतिमा आधारित पर्यटन तथा वनजन्य उद्योगहरू विकास गर्न सके बाँकेले आर्थिक समृद्धिको नयाँ उचाइ हासिल गर्न सक्छ।"

उहाँका अनुसार, आज बाँकेमा वन संरक्षण र आर्थिक विकासबीचको सम्बन्ध स्पष्ट रूपमा देखिन थालेको छ । जङ्गललाई सम्पत्तिका रूपमा संरक्षण गर्दै त्यसको दिगो उपयोग गर्न सकियो भने हरियाली नै समृद्धिको आधार बन्न सक्छ। बाँकेले यही मार्ग समातेको छ, जसले अन्य जिल्लाका लागि पनि अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ । जलवायु परिवर्तनका असर बढ्दै गएको अवस्थामा वनले तापक्रम नियन्त्रण, वर्षा चक्र सन्तुलन र माटो संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । यसले अन्ततः कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षामा योगदान पुऱ्याउँछ।

**थपिए चक्ला वन**

बाँकेमा दिगो वन व्यवस्थापनको लागि सामुदायिक वन सम्वर्द्धन प्रणालीअन्तर्गत चालु आर्थिक वर्षमा थप दुईवटा चक्ला वन निर्माण गरिएको छ। राप्तीसोनारी गाउँपालिकाको माथेवास-शमशेरगञ्ज क्षेत्रमा एकमात्र चक्ला वन रहेकोमा चालु आर्थिक वर्ष २०८२/८३ मा थप दुई चक्ला वन निर्माण गरिएको डिभिजन वन कार्यालय बाँकेका सिनियर डिभिजनल वन अधिकृत गुप्ताले जानकारी दिनुभयो । उहाँका अनुसार,यो वर्ष राप्तीसोनारी वडा नं ३ र ४ मा भुवरभवानी र वडा नं. १ मा खर्चेताल चक्ला वन निर्माण गरिएसँगै बाँकेमा अव चक्ला वनको सङ्ख्या तीन पुगेको छ । माथेवास-शमशेरगञ्ज चक्ला वन देशकै सबैभन्दा ठूलो चक्ला वन हो । ३१ सामुदायिक वनलाई समेटेर दुई हजार ५७८ हेक्टरमा फैलिएको यो चक्ला वनले वन व्यवस्थापनमा वैज्ञानिक र व्यावसायिक विधिको अभ्यास गर्दै आएको छ।



दुई वटा चक्ला वन थप भएसँगै अव ५८ सामुदायिक वनको करिव सात हजार पाँच सय हेक्टर क्षेत्रफलमा सामुदायिक वन सम्वर्द्धन प्रणालीअन्तर्गत दिगो वन व्यवस्थापन लागू गरिएको छ । वन व्यवस्थापन नहुँदा सालका पुराना रूख कुकाठमा परिणत भइरहेका थिए। चक्ला वनले वन व्यवस्थापनमा नयाँ पुस्ताका सालका रूखलाई हुर्किन उपयुक्त वातावरण तयार गरिरहेको डिभिजन वन कार्यालय बाँकेका सिनियर डिभिजनल वन अधिकृत गुप्ताको भनाई छ।

डिभिजन वन कार्यालय बाँकेले सञ्चालन गरेको चक्ला वन व्यवस्थापन नेपालमा वन संरक्षण र दिगो उपयोगको एउटा प्रभावकारी अभ्यासको रूपमा लिइन्छ। वन क्षेत्रलाई व्यवस्थित रूपमा उपयोग गर्दै संरक्षण र उत्पादन दुवै सन्तुलनमा राख्नु यसको मुख्य उद्देश्य रहेको डिभिजन वन कार्यालय बाँकेका चक्ला वन व्यवस्थापन स्रोत व्यक्ति वरिष्ठ वन अधिकृत सुशील सुवेदीले जानकारी दिनुभयो । "चक्ला वनमा उमेर पुगेका रुखलाई निश्चित मापदण्डमा रही कटान गर्ने र नयाँ रुख हुर्कनका लागि वैज्ञानिक विधिमा उपयुक्त वातावरण सिर्जना गरिएको हुन्छ", सुवेदीले भन्नुभयो, "चक्ला वनमा नयाँ बिरुवालाई आवश्यकता अनुसारको सङ्ख्या, गुणस्तर र प्रजातिलाई समीश्रण गरेर हुर्कन मद्दत गरिन्छ। चक्ला वनका रूपमा घोषित क्षेत्रलाई विभिन्न खण्ड र उप-खण्डमा विभाजन गरिएको छ।"

सुवेदीका अनुसार, आव २०७३/वर्षदेखि सुरु भएको सम्शेरगन्ज-माथेबास चक्ला वन व्यवस्थापन कार्यक्रमबाट वार्षिक रूपमा रु.१० करोड ७४ लाख बढी राजश्व सङ्कलन भइरहेको छ। कार्यालयले चालु आव २०८२/८३ बाट कार्यान्वयनमा ल्याएको 'भूवर भवानी र खर्चेताल चक्ला वन' बाट पनि वार्षिक रूपमा सोही हराहारीमा राजश्व सङ्कलन हुने अनुमान गरेको छ।

चक्ला वन व्यवस्थापन गर्दा दुवै क्षेत्रमा करिब ३० देखि ३५ जना कर्मचारीले वर्षभरि रोजगारी पाएको र ४०० देखि ४५० जना स्थानीय बासिन्दाले प्रत्यक्ष लाभ लिन पाएका छन् । उनीहरू रुख कटान मुछान, घाटगद्धी, वनपथ निर्माण, मर्मतलगायत सम्बन्धी काममा जोडिएका छन् । "चक्ला वनलाई व्यवस्थापन गरेर नयाँ रुख बिरुवा हुर्कने, वनको उत्पादन बढ्ने र वन व्यवस्थापन हुन्छ", सहायक वन अधिकृत सुवेदी भन्नुहुन्छ, "यसबाट बजारमा काठ दाउराको पनि सहज आपूर्ति हुन्छ, देश काठमा आत्मनिर्भर हुन्छ र स्थानीयलाई रोजगारी सिर्जना पनि हुन्छ।"

घर निर्माणमा काठको प्रयोग बढाउने, विदेशी काठको आयात निरुत्साहित गर्ने, पिभिसी र आल्मुनियमको प्रयोग घटाउन चक्ला वनबाट उत्पादित काठलाई छिटो र छरितो रूपले उपभोक्तालाई उपलब्ध गराउने काम कार्यालयले गरिरहेको सुवेदीको भनाई छ। वन क्षेत्रका दृष्टिले समृद्ध मानिने बाँके जिल्लामा अहिले सरकारी संरक्षित क्षेत्रबाहेक दुई सय ४७ वन क्षेत्र छन् । तीमध्ये ११९ सामुदायिक, चार धार्मिक र १२४ निजी वन रहेका छन्। बाँकेमा कूल एक लाख १९ हजार ९३९ हेक्टर वन क्षेत्रमध्ये ५२ प्रतिशत बाँके राष्ट्रिय निकुञ्जअन्तर्गत पर्दछ भने बाँकी ४८ प्रतिशत डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्ने सुवेदीले जानकारी दिनुभयो।

**समृद्धिको नयाँ आधार बन्दै सामुदायिक वन**

बाँके जिल्लामा हाल ११८ वटा सामुदायिक वन दर्ता भई सञ्चालनमा छन्, जसले २६ हजार ११६.५८ हेक्टर क्षेत्रफल ओगटेका छन् । यीमध्ये ५८ वटा सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन प्रणाली लागू भइसकेको छ, जसको क्षेत्रफल १२ हजार १५३ हेक्टर रहेको छ । यी सामुदायिक वनहरू अहिले ग्रामीण अर्थतन्त्रका मेरुदण्ड बनेका छन्। वन उपभोक्ता समूहहरूले काठ, दाउरा, घाँस तथा विभिन्न गैरकाष्ठ वन पैदावारको व्यवस्थापन गरेर वार्षिक लाखौँ रूपैयाँ आम्दानी गरिरहेका छन्। यो आम्दानी केवल वनकै विकासमा मात्र होइन, गाउँठाउँको मुहार फेर्न खर्च भइरहेको सामुदायिक वन उपभोक्ता महासङ्घ बाँकेका अध्यक्ष सावित्रा पुनले बताउनुभयो।

उहाँका अनुसार, सामुदायिक वनले स्थानीय सरकारसँग समन्वय गरी विद्युत् विस्तार, बाटोघाटो, सडक तथा नाला निर्माणमा साझेदारी, स्थानीय विद्यालयहरूमा शिक्षकको बन्दोबस्तदेखि विद्यालय भवन निर्माण र मर्मतसम्भार, महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन रकम, गर्भवती आमाहरूलाई 'शिशु स्याहार कार्यक्रम' अन्तर्गत पोसिलो खानेकुरा र बच्चाका लागि न्यानो कपडा वितरण गर्ने गरेका छन्। यसवाहेक व्यापार-व्यवसाय गर्न चाहने विपन्न सदस्यहरूलाई विनाब्याज रु. एक लाखसम्म सापटी, कृषि औजार, मोटर पाइप र उन्नत बीउबिजनमा अनुदान, मानव बस्ती र वन क्षेत्रबीच तारबार गरेर मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा भूमिका निर्वाह गर्दै आएको उहाँको भनाइ छ।

**गैरकाष्ठ पैदावार र पर्या-पर्यटनः युवाको सारथि**

बाँकेका वनहरू बहुमूल्य जडीबुटीका भण्डार हुन्। सतुवा, कुरिलो, हर्रो, बर्रो, अमला, बेल र महजस्ता गैरकाष्ठ वन पैदावार स्थानीयको आम्दानीको मुख्य स्रोत बनेका छन् । यसको व्यावसायिक खेती र प्रशोधनतर्फ युवाहरूको आकर्षण बढेकाले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतासमेत केही हदसम्म कम भएको छ । अर्कातर्फ, दुर्लभ वन्यजन्तुहरू जस्तै- बाघ, गैँडा, हात्ती, चितुवा, जरायो, बँदेल र नीलगाईको वासस्थान रहेको बाँके राष्ट्रिय निकुञ्ज पर्या-पर्यटनको केन्द्र बनेको छ।

निकुञ्ज स्थापनासँगै जङ्गल सफारी, वन्यजन्तु अवलोकन र प्रकृति अध्ययनका लागि आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढेको छ। यसले स्थानीय होटल, यातायात र व्यापारलाई चलायमान बनाउँदै स्थानीय युवाहरूलाई प्रकृति पथप्रदर्शक (गाइड) र व्यवसायीका रूपमा प्रत्यक्ष रोजगारी दिएको सामुदायिक वन उपभोक्ता महासङ्घ लुम्बिनी प्रदेश सदस्य महेन्द्र शाहीले बताउनुभयो। उहाँका अनुसार, वन संरक्षणले स्वस्थ वनका कारण पानीका मुहान र जलाधार क्षेत्र सुरक्षित भएका छन्। यसले खेतीपातीका लागि सिँचाइ सुनिश्चित गर्नुका साथै जलवायु परिवर्तनको मारमा परेको कृषि क्षेत्रमा तापक्रम नियन्त्रण र वर्षा चक्र सन्तुलन गर्न मद्दत पुऱ्याएको छ।

सफलताका अनेकन् कथा बुनिइरहँदा बाँकेका वन क्षेत्रमा चुनौतीहरू भने अझै सकिएका छैनन् । वन डढेलो, अवैध कटानी, वन अतिक्रमण र निकुञ्ज आसपासका बस्तीहरूमा देखिने मानव-वन्यजन्तु द्वन्द्व अझै पनि प्रमुख समस्याका रूपमा रहेका छन् । वन उद्यमहरू सञ्चालन गर्न झन्झटिलो कानुनी प्रक्रिया हुनु, उत्पादित जडीबुटी र वन पैदावारको प्रशोधन गर्ने उद्योगको अभाव हुनु, र बजारको उचित पहुँच नहुनुले सोचेजस्तो आर्थिक लाभ लिन अझै नसकिएको सामुदायिक वन उपभोक्ता महासङ्घ प्रदेश सदस्य शाहीको भनाइ छ।

# सिँचाइ सुविधासँगै फेरिएको दाङको कृषि प्रणाली

**नारायणी रजौरे**

खेतीयोग्य जमिनमा सिँचाइ पुऱ्याउने उद्देश्यले सञ्चालनमा ल्याइएको बृहत् दाङ उपत्यका सिँचाइ आयोजनाको कार्यान्वयनले सिँचाइयोग्य जमिनको क्षेत्रफल विस्तार भएसँगै स्थानीय किसानको जीवनस्तरमा सुधार आएको देखिन्छ । हाइड्याम्प, लिफ्ट, भूमिगत सिँचाइ प्रणाली, नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणाली, डाइभर्सन, सतह सिँचाइ प्रणालीको विकास गरिएको छ।

विसं २०७३ मा सञ्चालनमा आएको सो सिँचाइ आयोजना आर्थिक वर्ष २०८४/८५ सम्म कार्यान्वयनमा रहँदा दाङको ५६ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ पुऱ्याउने लक्ष्य राखिएको आयोजनाले जनाएको छ। आयोजनाले सिँचाइका पूर्वाधार निर्माणको कामलाई अघि बढेको आयोजना प्रमुख टोपबहादुर खत्रीले जानकारी दिनुभयो। "आयोजनामार्फत ४३ वटा विशाल ड्याम (जलाशय) निर्माण गरेका छौँ, अधिकांश जलाशयबाट सिँचाइ सुविधा उपलब्ध भइसकेको छ भने केहीमा थप पूर्वाधार निर्माणका काम भइरहेको छ", आयोजना प्रमुख खत्रीले भन्नुभयो।

सिँचाइको असुविधा हुँदा बाँझो जमिन राख्नुपरेका यहाँका अधिकांश किसान यी ड्याम निर्माण भएपछि उत्साहित बनेका छन्।

आकासेपानीको भर पर्नुपर्ने अवस्था हटेको तुलसीपुर उपमहानगरपालिका-१८ पिर्थली कुइरेसोता जलाशय सिँचाइ जलउपभोक्ता समितिका अध्यक्ष खिमबहादुर डाँगीले बताउनुभयो । "हाम्रो धेरै जग्गाहरु बाँझा थिए । जलाशय निर्माण भएपछि ती जग्गामा बाह्रैमास सिँचाइ सुविधा पुगेको छ। अहिले तीन सिजनमा खेतीपाती हुन्छ", उहाँले भन्नुभयो।


त्यहाँ रहेको सानो सोतालाई करोडौँ लगानी गरेर ड्याम निर्माण गरिएको छ। जुन ड्याममा बर्सातको समयमा परेको पानी पनि जम्मा हुने र वैशाख-जेठसम्म सिँचाइको सुविधा पुग्ने गरेको छ। उहाँले भन्नुभयो, "विगतमा हामी आकासेपानीको भर पर्नुपर्ने बाध्यता थियो, अहिले वैशाख-जेठमा पनि सिँचाइ पुऱ्याउन सफल भएका छौँ।" उहाँका अनुसार रु एक करोड ८३ लाख लागतमा तीन वर्षअघि काम सुरु गरेको उक्त ड्याम निर्माण सम्पन्न भएको छ। दुई लाख घनमिटर पानी अट्ने सो जलाशयबाट त्यस क्षेत्रको ६० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ।

सिँचाइ सुविधा उपलब्ध भएपछि गाउँका अधिकांश किसानले बेमौसमी तरकारीखेती तथा मकैखेती गरेर राम्रै आम्दानी गर्न थालेका छन्। यहाँ सिँचाइको सफल अभ्यासको चर्चा बढेसँगै अन्य जिल्लाहरुबाट पनि जलाशयको अवलोकन गर्नेहरुको संख्या बढ्नुका साथै पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको उहाँको भनाइ छ।

घोराही उपमहानगरपालिका-२ र ४ का कतिपय किसानहरुले जलाशयमा सिँचाइको अतिरिक्त माछापालन गर्ने, पर्यटक भित्र्याउनका लागि डुङ्गा सञ्चालनको तयारी पनि थालेका छन्। ३२ हेक्टर क्षेत्रफलमा सिँचाइ गर्न सकिने सोही ड्याममा तीन लाख घनमिटर पानी अट्न सक्ने क्षमता छ । रु दुई करोडको लगानीमा उक्त ड्याम निर्माण सम्पन्न भएको आयोजनाले जनाएको छ । सरेसोता जलाशया उपभोक्ता श्यामलाल भण्डारीले भन्नुभयो "यो ड्यामलाई हामीले सिँचाइसँगै आम्दानीका अन्य विकल्पहरुमा पनि उपयोग गर्ने सोचाइ राखेका छौँ।"

जिल्लाका विभिन्न ठाउँमा निर्माण गरिएका ड्याम अवलोकन गर्नका लागि धेरै ठाउँबाट मानिसहरु आउने गरेका छन् । निर्माण भएका ड्यामहरु हेर्दा मनोरम देखिन्छन् । कुनै प्राकृतिक तालभन्दा कम छैनन् । सिँचाइका लागि बनाएका तालहरुले जिल्लाको पर्यटन क्षेत्रको विकास गर्ने पनि अपेक्षा लिईएको तुलसीपुर उपमहानगरपालिका-१८ निवासी विष्णुप्रसाद दुलालले बताउनुभयो । "यी ड्यामहरु सिँचाइका लागि मात्रै होइनन्, पर्यटकीय विकासका लागि पनि प्रयोग गर्न सकिन्छ, पिकनिक स्पट बनाएर पर्यटकहरु तान्न सकिन्छ", पिथली कुइरेसोता ड्यामका उपभोक्तासमेत रहनुभएका उहाँले भन्नुभयो, "माछापालन गरेर आम्दानी पनि गर्न सकिन्छ, डुङ्गा सयर गर्ने व्यवस्था पनि गर्न सकियो भने यसले बहुआयामिक फाइदा दिन्छ।" सोही ड्याम १२७ हेक्टर क्षेत्रफलमा सिँचाइ गर्नसक्ने क्षमता रहेको छ।

ती सबै ड्यामबाट किसानका खेतखेतमा सिँचाइ पुऱ्याउनका लागि लिफ्टिङ प्रणाली जडान गरिएको छ । आयोजनाका सूचना अधिकारी इञ्जिनीयर रेजिना खरेलले भन्नुभयो, "केही स्थानमा सोलारबाट र केही स्थानमा विद्युत्बाटै लिफ्टिङ गरिएको छ।" केही वर्ष पहिले निर्माण पूरा



भएको घोराही उपमहानगरपालिका-२ रामपुरस्थित चेपे तालमा बृहत सिँचाइ आयोजनाले पाँच वटा लिफ्टिङ जडान गरेको छ। यसबाट ३२ हेक्टर क्षेत्रफलमा सिँचाइ भएको छ। रु ८४ लाखको लागतमा पाँच वटा लिफ्ट जडान कार्य भएको हो।

यी चार ड्यामसहित जिल्लामा अन्य ४३ वटा ड्याम निर्माण भएका छन्। जसबाट जिल्लाको दुई हजार १८२ हेक्टर क्षेत्रफलमा सिँचाइले ओगट्को छ। तुलसीपुर उपमहानगरपालिकामा १५ वटा, घोराही उपमहानगरपालिकामा १६ वटा तथा दङ्गीशरणमा १०, शान्तिनगर र बबई गाउँपालिकामा एक एक वटा गरी ४३ वटा ठूला ड्याम निर्माण भएका छन्। पछिल्लो समय यस्ता ड्यामको माग अत्याधिक भएको भन्दै आयोजनाले गुरुयोजना निर्माण गरिरहेको आयोजना प्रमुख खत्री बताउनुभयो। जिल्लामा करिब २०० स्थानमा यस्ता ड्याम निर्माण गर्न सकिने उहाँको भनाइ छ।

यहाँको कृषियोग्य जमिन रहेका फाँटहरुमा कुनै बेला सानो 'सोता' थिए। खोलो बग्थ्यो। ती खोलाले सीमित किसानले मात्रै सिँचाइको लाभ लिन पाउँथे। बिघौबिघा खेतियोग्य जग्गा सिँचाइ नहुँदा सुख्खा हुन्थ्यो। सिँचाइको व्यवस्था नहुँदा धेरै युवाहरु वेरोजगार हुन्थे तर अहिले अवस्था फेरिएको छ । बाँझा खेतहरुमा सिँचाइ सुविधा पुग्न थालेपछि अहिले लटरम्म अन्न, तरकारीलगायत उत्पादन भइरहेका छन्।

**लिफ्टिङ पनि उत्तिकै प्रभावकारी**

यहँको सिँचाइ प्रणालीमा ड्यामसँगै लिर्लिफ्टिङ निर्माण कार्य पनि उत्तिकै प्रभावकारी देखिएको छ । तुलसीपुर उपमहानगरपालिका-१४ भोजपुरमा बबई नदीबाट सोलारमार्फत लिफ्टिङ गरी सिँचाइका लागि पानी ल्याइएको छ । यसबाट किसानलाई निकै सहज भएको छ। विगतमा स्थानीय कुलोबाट सिँचाइ गर्ने र त्यसले सबै किसानलाई सिँचाइ गर्न सकिने अवस्था थिएन् तर अहिले बृहत् सिँचाइले लिफ्टिङबाट पानी ल्याएपछि सहज भएको स्थानीय उपभोक्ता होताराम खत्रीले बताउनुभयो। "पहिले स्थानीय कुलो थियो, त्यसले सबै किसानलाई भ्याउने अवस्था थिएन", उहाँले भन्नुभयो "तर, अहिले लिफ्टिङबाट बबईको पानी तानेपछि सहज भएको छ।"

अहिले त्यहाँका किसानले दुई बाली लगाउन सहज भएको छ। वैशाख-जेठमै मकै तथा अन्य तरकारी खेती गर्न सकिएको उहाँले बताउनुभयो । त्यस्तै पुस-माघमा पनि सिँचाइमा सहज भएको उहाँको भनाइ छ। १५ किलोवाट सोलारबाट बबईको पानी तानिएको हो। यस्तै जिल्लामा २६ वटा लिफ्ट निर्माण हुँदा ८५७ हेक्टरमा सिँचाइ पुगेको छ । तुलसीपुर उपमहानगरपालिकामा आठ वटा, घोराही उपमहानगरपालिकामा पाँच तथा दङ्गीशरणमा नौ, शान्तिनगरमा एक र बबई गाउँपालिकामा तीन वटा लिफ्ट सिँचाइ निर्माण भएको कार्यालयले जनाएको छ।

त्यस्तै यो अवधिमा जिल्लामा ३३ वटा नयाँ प्रविधिमा आधारित सिँचाइ पोखरी निर्माण भई ६०६ हेक्टर क्षेत्रफलमा सिँचाइ पुगेको छ। अहिले थप २० वटा लिफ्ट निर्माणको काम भइरहेको छ भने १८ वटा लिफ्ट सिँचाइ प्रणालीको डिपीआर तयार भइसकेको छ। त्यस्तै भूमिगत सिँचाइतर्फ यसै आर्थिक वर्षमा २५ वटा डिप ट्यूवेलको निर्माण कार्य अन्तिम चरणमा रहेको र थप १७ वटा डिप-बोरिङको लागि बोलपत्र आह्वान गरिएको उहाँले बताउनुभयो।

तुलसीपुर उपमहानगरपालिका-१८ मनिकापुरका एकिकृत जलउपभोक्ता संस्थाका अध्यक्ष राकेश बस्नेतले त्यहाँ निर्माण गरिएको डिप-बोरिङको पानीले ३० बिघा जमिनमा सिँचाइ सुविधा पुगेको बताउनुभयो। डिप-बोरिङ नहुँदा यसअघि त्यहाँ वर्षात्को समयमा मुस्किलले एक खेती हुन्थ्यो।

अहिले तीनयाममा खेतिपाती हुने गरेकाले अति प्रभावकारी भएको उहाँ बताउनुहुन्छ। गाउँका धेरै किसानले तरकारीखेतीबाट राम्रो आम्दानी गरेका छन्। त्यस्तै उपत्यकाको पहाडी भिरालो कृषियोग्य भूमिमा नयाँ प्रविधिको सिँचाइ प्रणाली विकास गर्नका लागि फोहोरा सिँचाइ, पाइप सिँचाइ तथा पोखरी सिँचाइ गरी ३३ वटा निर्माण भएको आयोजनाले जनाएको छ ।रासस

# फरार १४ प्रतिवादी पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रहरी कार्यालय धनुषाले फरार प्रतिवादी पक्राउ गर्ने अभियानलाई तीव्र बनाउँदै एकैदिन १४ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

धनुषा प्रहरीका अनुसार जिल्ला अदालतबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय सुनाइएपछि फरार रहेका प्रतिवादीहरूलाई खोजतलास गरी पक्राउ गरिएको हो ।

पक्राउ परेका सबैलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ । पक्राउ परेकामध्ये हातहतियार तथा खरखजाना, ज्यान मार्ने उद्योग, चोरी, सवारी ज्यान, लागूऔषध, मोटरसाइकल चोरी तथा जबरजस्ती करणीजस्ता मुद्दाका प्रतिवादी रहेका छन् ।

उनीहरूमध्ये केहीलाई ७ दिनदेखि ४ वर्षसम्म कैद सजाय तथा केहीलाई १ हजारदेखि १७ हजार रुपैयाँसम्म जरिवाना तोकिएको थियो । केही प्रतिवादीमाथि जरिवाना मात्र र केहीमाथि कैद सजाय मात्र कायम रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादी पक्राउ अभियान निरन्तर सञ्चालन भइरहेको बताए ।

उनले अदालतबाट सजाय तोकिएर फरार रहेका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने कार्य आगामी दिनमा पनि निरन्तर जारी रहने जानकारी दिए । धनुषा प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्राथमिकतामा राख्दै फरार प्रतिवादीको खोजी र पक्राउ अभियानलाई थप सशक्त बनाउने जनाएको छ ।

# ३ प्रतिशतको करले महँगो हुने उपचार सेवा

**टुडे समाचारदाता**

काठमाण्डू । साउन १ गतेदेखि नेपाल सरकारले आर्थिक विधेयक २०८३ मार्फत निजी स्वास्थ्य संस्थामा ३ प्रतिशत 'स्वास्थ्य समता शुल्क' लगाउने निर्णय गरेसँगै त्यस्ता अस्पतालमा उपचार सेवा थप महँगो हुने भएको छ ।



तीन प्रतिशत स्वास्थ्य समता शुल्क कार्यान्वयनमा आए निजी अस्पताल, ल्याब, नर्सिङ होम, पोलिक्लिनिक, निजी मेडिकल कलेजको सेवा थप महँगो हुने भएपछि त्यसको प्रत्यक्ष मारमा बिरामी पर्न जाने निश्चित छ ।

नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८३ को १७ नम्बर बुँदामा भनिएको छ, 'स्वास्थ्य समता शुल्क निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायकले बिरामीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा अनुसूची-८ बमोजिम स्वास्थ्य समता शुल्क लगाई असुल उपर गरिने छ । यस्तो शुल्क गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र स्वास्थ्यसम्बन्धी पूर्वाधार निर्माणमा खर्च गरिनेछ ।'

अर्थमन्त्री स्वर्णिम वाग्लेले आर्थिक विधेयकमार्फत निजी अस्पतालमा उपचार गराउने बिरामीबाट ३ प्रतिशत कर उठाउने घोषणा गरेका थिए । योसँगै भोलि (शुक्रबार)देखि निजी स्वास्थ्य संस्थाले सेवाग्राहीबाट स्वास्थ्य समता शुल्क लिनेछन् ।

यस अनुसार साउनदेखि निजी स्वास्थ्य संस्थाले बिरामीसँग लिने सबै शुल्कमा ३ प्रतिशतको दरमा यस्तो शुल्क तिर्नुपर्नेछ । यस्ता संस्थाहरूमा निजी अस्पताल, ल्याब, नर्सिङ होम, पोलिक्लिनिक तथा अन्य निजी स्वास्थ्य प्रदायकहरू पर्छन् । उदाहरणका लागि कुनै बिरामीको उपचार खर्च १० हजार रुपैयाँ लाग्यो भने यसमा अब ३ सय रुपैयाँ थप तिर्नुपर्ने देखिन्छ ।

आर्थिक ऐनको दफा १७ सँग सम्बन्धित अनुसूची-८ अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने निजी संस्था, निकाय वा व्यक्तिले अनिवार्य रूपमा बिल जारी गरी यो शुल्क असुलउपर गर्नुपर्नेछ । यसरी सङ्कलन गरिएको रकम र सोको विस्तृत विवरण प्रत्येक चौमासिक अवधि समाप्त भएको २५ दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ ।

यदि कसैले यो शुल्क छलेको पाइएमा कर अधिकृतले आवश्यक शुल्क निर्धारण गर्न सक्नेछन्, जसका लागि सम्बन्धित पक्षलाई १५ दिनको सफाइ पेस गर्ने म्याद दिइनेछ । निर्धारित म्यादभित्र शुल्क दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज र विवरण बुझाउन ढिलाइ गरेमा प्रतिविवरण एक हजार रुपैयाँ शुल्क लाग्नेछ भने शुल्क छली गरेको पुष्टि भएमा कर अधिकृतबाट निर्धारित रकमको थप २५ प्रतिशत जरिबानासमेत असुलउपर गरिने प्रावधान छ ।

सरकारले स्वास्थ्य समता शुल्क निर्धारण आदेशप्रति चित्त नबुझाउने व्यक्ति वा संस्थाका लागि प्रशासकीय पुनरवलोकन र पुनरावेदनको कानुनी प्रक्रिया स्पष्ट पारेको छ । नयाँ व्यवस्था अनुसार, चित्त नबुझ्ने व्यक्तिले सूचना पाएको ३० दिनभित्र आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिन सक्नेछन् भने म्याद गुज्रिएको खण्डमा उपयुक्त कारणसहित ७ दिनभित्र निवेदन दिएमा महानिर्देशकले थप ३० दिनको म्याद दिन सक्ने व्यवस्था छ ।

महानिर्देशकले निवेदन परेको ६० दिनभित्र निर्णय गरिसक्नुपर्नेछ र छानबिनका क्रममा दाबी उपयुक्त देखिएमा स्पष्ट कारण खुलाएर पुनः शुल्क निर्धारणको आदेश दिन सक्नेछन् । यसरी निवेदन दिँदा विवादरहित शुल्क र जरिबाना बुझाई विवादित रकमको २५ प्रतिशत बराबरको नगद धरौटी राख्नुपर्ने अनिवार्य सर्त तोकिएको छ ।

यदि महानिर्देशकले तोकिएको म्यादभित्र निर्णय नगरेमा वा गरेको निर्णयमा पनि चित्त नबुझेमा सम्बन्धित व्यक्तिले निर्णयको सूचना पाएको ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछन्, जसको एकप्रति १५ दिनभित्र आन्तरिक राजस्व कार्यालयमा दर्ता गराउनुपर्ने कानुनी प्रावधान छ ।

नेपालको संविधानले समेत आधारभूत स्वास्थ्य निःशुल्क भनिरहेको बेला निःशुल्क पाउनुपर्ने स्वास्थ्यलाई थप महँगो बनाउने नीति सरकारले ल्याएको भन्दै सरोकारवालाले आपत्ति जनाएका छन् । नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकमा भनिएको छ, ' प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ । प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।'

उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले सरकारी अस्पतालले गुणस्तरीय स्वास्थ्य सेवा दिन नसकिरहेको अवस्थामा निजी स्वास्थ्य संस्थामा बिरामीमाथि कर लगाउनु अव्यावहारिक हुने बताए । उनले भने, 'सरकारले गर्नुपर्ने के हो भने सरकारी अस्पतालहरूमा मात्रै नागरिकले चाहेजस्तो स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने अवस्था अहिले छैन र राज्यसँग तत्काल त्यस्तो क्षमता पनि देखिँदैन ।

# पर्सामा क्यान्सर रोगरको भयावह अवस्था

**टुडे समाचारदाता**

वीरगञ्ज । हालै सार्वजनिक गरेको गम्भीर रोगका बिरामीहरूको विवरणले पर्सा जिल्लामा क्यान्सर रोगको भयावह अवस्था र यसको बढ्दो जोखिमबारे गम्भीर बहस सुरु भएको छ ।



सरकारले मिर्गौला डायलाइसिस, क्यान्सर, मेरुदण्ड पक्षघात तथा पक्षघातका बिरामीलाई उपलब्ध गराउँदै आएको मासिक पाँच हजार रुपैयाँ जीवन निर्वाह सहायताका लागि पर्साको पर्सागढी नगरपालिकाले तयार पारेको लाभग्राही सूचीबाट यस्तो तथ्य बाहिर आएको हो ।

नगरपालिकाको सूचीमा रहेका ४४ जना गम्भीर बिरामीमध्ये ३५ जना (करिब ८० प्रतिशत) क्यान्सरका मात्रै पीडित छन् । एउटै स्थानीय तहमा यति ठूलो संख्यामा क्यान्सरका बिरामी भेटिनु स्वास्थ्य क्षेत्रका लागि चिन्ताको विषय बनेको छ ।

यद्यपि, यो विवरणलाई सम्पूर्ण पर्सा जिल्लाको प्रतिनिधित्व गर्ने पूर्ण आधार मान्न नसकिए पनि यसले जिल्लाको वास्तविक अवस्था बुझ्न थप विस्तृत अध्ययन र अनुसन्धानको आवश्यकतालाई प्रष्ट्याएको छ ।

स्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार पछिल्ला वर्षहरूमा क्यान्सर परीक्षण तथा निदान सेवाको पहुँच विस्तार भएकाले पहिले पहिचान हुन नसकेका बिरामीहरू अहिले स्वास्थ्य प्रणालीको दायरामा आउन थालेका हुन् ।

अधिकृत ठाकुर भन्छन्, "सुर्तीजन्य पदार्थको अत्यधिक सेवन, मदिरा, वायु प्रदूषण, विषादीयुक्त खाद्यान्नको प्रयोग, अस्वस्थ जीवनशैली तथा बढ्दो उमेरका कारण आगामी वर्षहरूमा क्यान्सरका बिरामीको संख्या अझै बढ्न सक्ने सम्भावना देखिन्छ ।"

विशेषगरी वीरगञ्ज औद्योगिक करिडोर क्षेत्र, सीमावर्ती क्षेत्रको वातावरणीय अवस्था र सुर्तीजन्य पदार्थको उच्च प्रयोगलाई लिएर स्वास्थ्य क्षेत्रमा लामो समयदेखि चिन्ता व्यक्त हुँदै आएको छ । वातावरणीय प्रदूषण, औद्योगिक उत्सर्जन तथा जीवनशैलीजन्य जोखिम र क्यान्सरबीचको सम्बन्धबारे थप अध्ययन तथा नियमित निगरानी आवश्यक रहेको चिकित्सकहरूको भनाई छ ।

तथ्यांक व्यवस्थापनको अभाव

नेपालमा स्थानीय तहस्तरमा क्यान्सरका बिरामीहरूको एकीकृत तथा अद्यावधिक तथ्यांक व्यवस्थापन प्रणाली अझै प्रभावकारी बन्न सकेको छैन । अधिकांश स्थानीय तहसँग आफ्नो क्षेत्रमा कुन प्रकारका र कति क्यान्सर बिरामी छन् भन्ने व्यवस्थित अभिलेख नै छैन ।

स्वास्थ्य क्षेत्रका जानकारहरूका अनुसार पर्साका सबै १४ वटै स्थानीय तहले यस्तै विवरण सङ्कलन र सार्वजनिक गर्ने हो भने जिल्लाको वास्तविक चित्र बाहिर आउनेछ । यसले रोकथाम, उपचार र जनचेतनामूलक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न नीतिगत सहजता मिल्ने देखिन्छ ।

क्यान्सरको उपचार प्रक्रिया अत्यन्तै लामो, जटिल र खर्चिलो हुने गर्दछ । सरकारले दिँदै आएको मासिक पाँच हजार रुपैयाँ जीवन निर्वाह सहायता उपचार खर्चको तुलनामा अत्यन्तै न्यून रहेको भन्दै पीडित परिवारहरूले गुनासो गरेका छन् ।

# वीरगञ्जमा खानेपानी संकट, रातिमा वितरण व्यवस्था

**टुडे समाचारदाता**

वीरगञ्ज । विद्युत् आपूर्ति अवरुद्ध भएपछि वीरगञ्ज महानगरपालिकाका विभिन्न स्थानमा उत्पन्न खानेपानीको चरम संकट उत्पन्न भएको छ । सो संकटलाई मध्यनजर गर्दै महानगरपालिकाले रात्रिकालीन समयमै खानेपानी वितरणको व्यवस्था मिलाएको छ ।



कार्यवाहक नगरप्रमुख इम्तियाज आलमको विशेष पहल र निर्देशनमा राति नै प्रभावित बस्तीहरूमा पानी ट्याङ्कर पुऱ्याइएपछि नगरवासीले ठूलो राहत महसुस गरेका छन् । बुधबार दिउँसो करिब ३:०० बजेदेखि अचानक बिजुली अवरुद्ध भएपछि वीरगञ्जका अधिकांश वडाहरूमा खानेपानीको हाहाकार मच्चिएको थियो। गर्मीको समयमा लामो समय विद्युत् नहुँदा महानगरका सार्वजनिक धाराहरूमा पानी आउन छाडेको र व्यक्तिगत घरहरूमा जडान गरिएका मोटरहरू समेत चल्न नसक्दा स्थानीयवासी पिउने पानीबाट समेत वञ्चित भई निकै मर्कामा परेका थिए ।

नागरिकहरूको तीव्र गुनासो र खानेपानीको अभावले निम्त्याएको यो आकस्मिक परिस्थितिलाई गम्भीरतापूर्वक लिँदै कार्यवाहक नगरप्रमुख इम्तियाज आलमले तत्कालै कदम चाल्नुभएको थियो। उहाँकै प्रत्यक्ष निगरानी र विशेष सक्रियतामा बुधबार राति नै महानगरपालिकाका पानी ट्याङ्करहरू परिचालन गरिएका थिए। कार्यवाहक नगरप्रमुख आलम आफैँ टोलीसहित खटिएर राति अबेरसम्म पानीको चरम अभाव भएका विभिन्न टोल तथा बस्तीहरूमा पुगी सुरक्षित खानेपानी वितरण गराएको थियो ।

खानेपानीको अभावमा तड्पिरहेका स्थानीयवासीहरूले मध्यरातमा आफ्नै घरदैलोमा पानीको ट्याङ्कर आइपुगेपछि खुसी व्यक्त गरेका छन्। महानगरपालिकाले देखाएको तत्परता र जनप्रतिनिधिको सक्रिय नेतृत्वको स्थानीयवासीले खुलेरै प्रशंसा समेत गरे ।

"राति पिउने पानी समेत नपाएर हामी काकाकुल बन्नुपर्ने अवस्था आइसकेको थियो," स्थानीयवासीले खुसी व्यक्त गर्दै भने, "तर महानगरपालिकाले हाम्रो मर्का बुझेर राति नै घरदैलोमै पानी पुऱ्याइदियो। धेरै ठूलो राहत मिलेको छ। जनप्रतिनिधि हुनुको वास्तविक अर्थ दुःखको बेला यसरी नै साथ पाउनु रहेछ ।"

महानगरपालिकाले आगामी दिनमा पनि यस्ता आकस्मिक वा प्राकृतिक समस्या आउँदा नागरिकको सेवामा अहोरात्र खटिने प्रतिबद्धता जनाएको छ। कार्यवाहक नगरप्रमुख आलमले जनताको आधारभूत आवश्यकता पूरा गर्नु महानगरको पहिलो दायित्व रहेको बताउँदै, विपद् र अप्ठ्यारो परिस्थितिमा महानगरपालिका सधैँ नगरवासीको साथमा रहने स्पष्ट पारेका छन् ।

विद्युत् आपूर्ति पूर्ण रूपमा सहज नहुन्जेलसम्म आवश्यक परेको खण्डमा थप वैकल्पिक व्यवस्था गरेर भए पनि खानेपानी वितरणलाई निरन्तरता दिइने महानगरपालिकाले जनाएको छ ।

# बारा-पर्सा औद्योगिक करिडोरका उद्योगको अनुगमन

**टुडे समाचारदाता**



बारा । बारा-पर्सा औद्योगिक करिडोरमा सञ्चालित केही उद्योगले वातावरणीय मापदण्ड उल्लंघन गर्नुका साथै सार्वजनिक जग्गा अतिक्रमण गरेको भन्दै बढ्दो गुनासोपछि गृहमन्त्री सुधन गुरुङले स्थलगत अनुगमन गरेका छन् ।

अनुगमनका क्रममा गृहमन्त्री गुरुङले जगदम्बा स्टिल, हुलास स्टिललगायत करिडोरका विभिन्न उद्योगको निरीक्षण गर्दै स्थानीय जनप्रतिनिधि, सरोकारवाला निकाय र प्रभावित बासिन्दासँग छलफल गरेका थिए ।

सो क्रममा स्थानीयले उद्योग सञ्चालनसँग जोडिएका विभिन्न समस्या मन्त्रीसमक्ष राखेका थिए।स्थानीयका अनुसार कतिपय उद्योगले वातावरणीय मापदण्डको प्रभावकारी पालना नगर्दा उद्योगबाट निस्कने धुलो, धुवाँ तथा फोहोरले आसपासका बस्ती प्रत्यक्ष प्रभावित भएका छन्। वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी रोग, आँखा पोल्ने तथा अन्य स्वास्थ्य समस्या बढ्दै गएको उनीहरूको गुनासो थियो ।

त्यसैगरी, केही उद्योगले राष्ट्रिय वन क्षेत्र, ऐलानी जग्गा, सार्वजनिक पुल-पुलेसा आसपासको क्षेत्र तथा नेपाल रेल्वेको पुरानो मार्ग अतिक्रमण गरेको आरोप पनि स्थानीयले लगाएका छन् । भूमाफिया र उद्योगीबीचको मिलेमतोमा सार्वजनिक सम्पत्ति निजी स्वामित्वमा पारिएको दाबी गर्दै उनीहरूले रेल्वेको जग्गासहित सबै अतिक्रमित क्षेत्रको निष्पक्ष छानबिन गर्न सरकारसँग माग गरेका छन् ।

स्थानीयका गुनासा सुनेपछि गृहमन्त्री गुरुङले वातावरण संरक्षण र सार्वजनिक सम्पत्तिको सुरक्षा सरकारको प्राथमिकताको विषय भएको उल्लेख गर्दै कानुनविपरीत हुने कुनै पनि गतिविधि स्वीकार्य नहुने बताए। प्राप्त गुनासाको आधारमा सम्बन्धित निकायमार्फत विस्तृत अध्ययन गराई आवश्यक कानुनी प्रक्रिया अघि बढाइने उनको भनाइ थियो ।

अनुगमनमा सहभागी स्थानीयले उद्योग सञ्चालनका नाममा भइरहेको वातावरणीय क्षति तथा सार्वजनिक सम्पत्तिको दोहनमाथि निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कानुनी कारबाही गर्न र प्रभावित नागरिकको स्वास्थ्य सुरक्षाका लागि प्रभावकारी कदम चाल्न सरकारसँग माग गरेका छन् ।

# नेहाल आइरन स्टोरबाट भारती मात्रामा नक्कली पाइप बरामद

**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले जिल्लाको गोलबजार नगरपालिका ४ स्थित नेहाल आइरन स्टोरबाट भारी परिमाणमा मार्वल कम्पनीको नक्कली लोगो र नाम उल्लेख गरिएको प्लाष्टिकको पाइप प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटेको विशेष प्रहरी टोलीले नेहाल आइरन स्टोरमा छापामा मारेर भारी परिमाणमा बोरवेल पाइप बरामद गरिएको हो । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी समेत रहेका डीएसपी रमेश बहादुर पालले शनिवार नेहाल आइरन स्टोरबाट बोरवेल (पाइप) बरामद भएको पुष्टि गरेका छन् ।

नेहाल आइरनबाट बिभिन्न आकारका बोरवेल पाइप बरामद गरिएको छ ' उनले भने, आइरन स्टोर सञ्चालक साबिर खानलाई समेत नियन्त्रणमा लिएको छ । पाइप उत्पादन गर्ने उद्योग लगायत बिक्री बितरण गर्ने बिक्रेताहरुको खोजी र अनुसन्धान भइरहेको उनले जनाएका छन् ।

घटनाको अनुसन्धान भइरहेको छ'डीएसपी पालले भने, पक्राउ परेका व्यवसायीसित सोधपुछ भइरहेको र हाल सम्म एकजना मात्र नियन्त्रणमा लिएको छ ।झण्डै दश जनालाई अनुसन्धानको दायरामा राखिएको बताइएको छ । जानकी प्लास्टिक उद्योगले मार्वल कम्पनीको नाम र लोगो अंकितगरि पाइप उपलब्ध गराएको व्यवसायीहरुको भनाई छ ।

इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको टोलीले सिरहा नगरपालिकाको वडा नम्बर २० लकडीगोठ बस्ने ४५ वर्षीय महम्मद साबिर खानले सञ्चालन गरेको नेहाल आइरन स्टोरमा खानतलासी गरेको थियो ।

खानतलासीका क्रममा १ सय १४ एमएम, १ सय १० एमएम र ९० एमएम साइजका गरी ६ सय ३२ थान बोरवेल पाइप बरामद गरिएको डीएसपी पालले जनाएका छन् । प्रहरीका अनुसार ती पाइपमा मार्वल कम्पनीको नाम र लोगो प्रयोग गरिएको थियो । कम्पनीका आधिकारिक प्रतिनिधिले प्रारम्भिक परीक्षणका क्रममा ती पाइप कम्पनीका आधिकारिक उत्पादन नभएको आधिकारिक धारणा सार्वजनिक गरेको छ ।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा स्टोर सञ्चालक महम्मद साबिर खानले मार्वल कम्पनीको नाम र लोगो प्रयोग गरिएका पाइप बिक्री भएको स्वीकार गरेका छन् । त्यसपछि उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान अघि बढाइएको डीएसपी पालले जनाएका छन् । उपभोक्तालाई ठगी गरेको तथा ट्रेडमार्क उल्लंघनसम्बन्धी कसुरमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको उनले बताएका छन् ।

मार्वल टेक्नो प्लास्टका मार्केटिङ म्यानेजर सुदीप न्यौपानेले नेहाल आइरन स्टोरले करिब तीन वर्षदेखि कम्पनीको नाम र ब्रान्डिङ दुरुपयोग गर्दै आफ्ना उत्पादनको नाममा पाइप बिक्री गर्दै आएको आरोप लगाएका छन् । बजार अनुगमनका क्रममा मधेश प्रदेशमा उपभोक्ताले आफूहरूले मार्वल ब्रान्डकै पाइप प्रयोग गरिरहेको बताएपछि कम्पनीले आफ्नो बिक्री अभिलेखसँग तुलना गरेको थियो ।

सो क्रममा कम्पनीबाट कुनै आधिकारिक आपूर्ति नभएको देखिएपछि थप अनुसन्धान गरिएको र कम्पनीकै नाम तथा लोगो प्रयोग गरिएका पाइप बिक्री भइरहेको फेला परेको न्यौपानेले दाबी गरेका छन् । प्रहरी हिरासतमा रहेका नेहाल आइरन स्टोरका सञ्चालक खानले उक्त पाइप जानकी प्लास्टिक कम्पनी, जनकपुरबाट खरिद गरेको दाबी गरेको छ । प्रहरीले शनिवार साँझ जानकी प्लास्टिक ईण्डस्ट्रिजमा छापा मारेको थियो । तर प्रहरीले छापा मारेको औपचारिकता मात्र पुरा गरेको बताइएको छ । उद्योग परिसरमा रहेको मार्वल ब्राण्डका सबै पाइपहरुलाई राती नै अन्यत्र सारिएको छ । प्रहरीको संरक्षणमा नै नक्कली समान अन्यत्र सार्न ठूलो रकमको चलखेल भएको बताइएको छ ।

यसमा स्थानीय केहि व्यवसायी र प्रतिनिधिले सकृय भूमिका निर्वाह गरेको बताइएको छ ।जानकी चौकीका ईञ्चार्ज रहेका सई जितेन्द्र प्रसाद चौधरीले जनाए अनुसार जानकी पाइप ईण्डस्ट्रिजमा रहेका समानहरुलाई यथास्थितिमा राख्न र कुनै समान बाहिर नलग्न जानकारी गराउन माथिबाट मात्र आदेश आएको थियो ।

प्रहरीले आइतवार दिउँसोपनि कारखानामा तलाशी गरेको बताइएको छ ।कम्पनीकी सञ्चालिका अनिता अग्रवाल सपरिवार फरार भएका छन् ।उनीहरु शनिवारदेखि नै सम्पर्क बाहिर रहेको बताइएको छ । अनिताको नाममा नेपालमा प्रयाप्त जग्गाजमिन, उद्योगधन्धा, व्यवसायहरु संचालनमा रहेको छ ।

# मिटरब्याज पिडीतसँग वार्तासहित सरकारको ७ निर्णय

**टुडे समाचारदाता**

काठमाण्डू । मिटरब्याज पिडीतहरुग वार्ता अघि बढाउने सहितका विभिन्न ७ वटा निर्णयहरू संघीय मन्त्रिपरिषद् बैठकले गरेका छ्न ।



बिहीबार दिउँसो प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मन्त्रिपरिषद् बसेको बैठकको निर्णयहरु सार्वजनिक गरिएको छ। उक्त बैठकले गरेका विभिन्न ७ वटा निर्णयहरू सरकारका प्रवक्ता समेत रहेका सञ्चारमन्त्री सस्मित पोखरेलले सार्वजनिक गरेका हुन् ।

अनुचित लेनदेन(मिटरव्याज) बाट प्रभावित नागरिकहरूको माग सम्बोधन गर्न र वार्ता अघि बढाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव पुष्कर सापकोटाको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय , वार्ता टोलीमा अर्थ, गृह, भूमि व्यवस्था, र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सह-सचिवहरू सदस्य रहने, रु १ र रु २ का नयाँ डिजाइनका सिक्काहरू टकमरी गर्नका लागि नेपाल राष्ट्र बैंकलाई स्वीकृति प्रदान गर्ने लगायतका निर्णय गरिएको जनाइएको छ ।

यस्तै 'नेपाल कानुन सूचना पाइलट प्रणाली' स्थापना गर्नका लागि कोरिया सरकारबाट प्राप्त हुने १.८१ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकृत गर्ने, संरक्षित क्षेत्रभित्रका राष्ट्रिय वन क्षेत्रमा थप रुख र पोलहरू हटाउनुपर्ने भएमा, प्रचलित कानुनी प्रक्रिया पुरा गरी सम्बन्धित मन्त्रालयले नै स्वीकृति दिन सक्ने, विभिन्न मन्त्रालयहरूको संगठन संरचना र दरबन्दीहरू स्वीकृत गर्ने निर्णय पनि गरिएको छ ।

त्यस्तै 'नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) पहिलो संशोधन अध्यादेश, २०८३' स्वीकृत गर्ने र सेवा करारमा कार्यरत रहेका कर्मचारीहरूको व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था स्वीकृत गर्ने निर्णय पनि गरिएको जनाइएको छ ।

# बजेट संशोधन गर्न विद्यार्थीहरुको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । संयुक्त विद्यार्थी संगठनका नेताहरुले मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन गरेको बजेटमा शिक्षा, भाषा, साहित्य तथा प्राज्ञिक संस्थाहरूलाई प्राथमिकता नदिएको भन्दै बजेट पुनरावलोकनको माग गरेको छ ।

संगठनले मुख्यमन्त्री कृष्णप्रसाद यादव, सभामुख रामअशिष यादवसहित प्रदेश सरकारका जिम्मेवार पदाधिकारी तथा प्रदेशसभा सदस्यहरूलाई ध्यानाकर्षण पत्र बुझाउँदै शिक्षा र संस्कृतिसम्बन्धी बजेट तत्काल संशोधन गर्न आग्रह गरेको हो ।

बलिराम कापरी, त्रिदेव झा, रोशन साह, शिवचन्द्र झा, रामभगत यादव, शशिकान्त मण्डललगायत विद्यार्थी नेताहरूको टोलीले मुख्यमन्त्री, सभामुख, अर्थमन्त्री, शिक्षा तथा संस्कृति मन्त्री तथा बजेट पुनरावलोकन समितिका पदाधिकारीहरूलाई ज्ञापनपत्र बुझाएको जनाएको छ ।

ध्यानाकर्षण पत्रमा प्रदेश सरकारले नीति तथा कार्यक्रममा मधेश प्रज्ञा प्रतिष्ठानलाई स्रोत साधन सम्पन्न बनाउने तथा उच्च शिक्षाको विकासलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे पनि बजेट विनियोजन त्यसअनुरूप हुन नसकेको उल्लेख गरिएको छ ।

विद्यार्थी संगठनले मधेश प्रज्ञा प्रतिष्ठानका लागि घरभाडामा १ लाख ९० हजार रुपैयाँ, सवारी भाडामा ५ हजार रुपैयाँ र वृत्तचित्र निर्माणका लागि १ हजार रुपैयाँ मात्र छुट्याइएको भन्दै यसलाई प्रतिष्ठानको गरिमा र जिम्मेवारीसँग मेल नखाने बजेट विनियोजन गरिएको प्रतिक्रिया दिएका छन् ।

त य स ै ग र ी , मधेश विश्वविद्यालयका लागि १ करोड रुपैयाँ र मधेश कृषि विश्वविद्यालयका लागि ५ करोड रुपैयाँ मात्र विनियोजन गरिएकाले उच्च शिक्षा, अनुसन्धान, पूर्वाधार विकास तथा संस्थागत सुदृढीकरणमा प्रतिकूल असर पर्ने संगठनको भनाइ छ ।

ज्ञापनपत्रमा शिक्षा, अनुसन्धान, भाषा, साहित्य र संस्कृतिमा गरिने लगानी प्रदेशको दीर्घकालीन विकासको आधार भएकाले यी क्षेत्रलाई बेवास्ता गर्नु दुर्भाग्यपूर्ण भएको उल्लेख गरिएको छ । प्रदेश सरकारले आफ्नै नीति तथा कार्यक्रमविपरीत बजेट ल्याएको आरोप लगाउँदै शिक्षा तथा संस्कृतिलाई औपचारिकतामा सीमित गर्ने प्रवृत्ति सच्याउन माग समेत गरिएको छ ।

संगठनले मधेश प्रज्ञा प्रतिष्ठान, मधेश विश्वविद्यालय र मधेश कृषि विश्वविद्यालयका लागि आवश्यक बजेट थप गरी पूर्वाधार, अनुसन्धान, जनशक्ति विकास तथा शैक्षिक कार्यक्रम सञ्चालनलाई प्रभावकारी बनाउन बजेट पुनः समीक्षा गर्न आग्रह गरेको छ ।

विद्यार्थी संगठनले आफ्ना मागहरू तत्काल सम्बोधन नभए शिक्षा, भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा विकासका पक्षमा चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत प्रदेश सरकारलाई दिएका छन् ।

# मिटरब्याज पिडीतहरुको वार्ता समिति गठन, काठमाडौं जाने

**हालसम्म गृहमन्त्री सुधन गुरुङको नेतृत्वमा सरकार र आन्दोलनरत पक्षबीच चार चरणको वार्ता सम्पन्न भइसकेको छ । तर, आन्दोलनले अघि सारेका ६ बुँदे मागलाई लिखित सहमतिमार्फत कार्यान्वयनको सुनिश्चितता गर्ने विषयमा सहमति जुट्न नसक्दा वार्ता निष्कर्षमा पुग्न सकेको छैन ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याज पिडीतहरुले सरकारसँग जारी वार्तालाई थप व्यवस्थित, प्रभावकारी र परिणाममुखी औपचारिक वार्ता टोली गठन गरेको छ ।

बनाउन मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलनका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाको संयोजकत्वमा गठन गरिएको टोलीमा केन्द्रीय महासचिव मनोजकुमार पासमान, केन्द्रीय प्रवक्ता रिजन राना मगर, केन्द्रीय हेडक्वार्टर सदस्य लक्ष्मी घिमिरे, केन्द्रीय हेडक्वार्टर सदस्य किरण परियार तथा संयुक्त जनअधिकार मोर्चाका केन्द्रीय अध्यक्ष निर्ग नवीन सदस्य रहेका छन् ।



अब सरकारसँग हुने सबै औपचारिक संवाद र वार्तामा यही टोलीले आन्दोलनरत पक्षको प्रतिनिधित्व गर्ने जनाइएको छ । मिटरब्याज पीडितहरूले असार २५ गतेदेखि जनकपुरधामबाट काठमाडौं केन्द्रित पैदल न्याय मार्च सुरु गरेका हुन् । मार्चका क्रममा सरकारसँग वार्ता जारी रहेकाले आन्दोलन हाल बाराको निजगढ क्षेत्रमा रोकिएको छ ।

हालसम्म गृहमन्त्री सुधन गुरुङको नेतृत्वमा सरकार र आन्दोलनरत पक्षबीच चार चरणको वार्ता सम्पन्न भइसकेको छ । तर, आन्दोलनले अघि सारेका ६ बुँदे मागलाई लिखित सहमतिमार्फत कार्यान्वयनको सुनिश्चितता गर्ने विषयमा सहमति जुट्न नसक्दा वार्ता निष्कर्षमा पुग्न सकेको छैन ।

आन्दोलनरत पक्षले गृहमन्त्रीले स्वीकार गरिसकेको ६ बुँदे सहमतिपत्रको मस्यौदालाई यथावत् हस्ताक्षर गरी कार्यान्वयनको स्पष्ट प्रतिबद्धता जनाउन सरकारसँग माग गरेको छ । लिखित सहमति नभएसम्म पैदल न्याय मार्च स्थगित नगर्ने र आवश्यक परे काठमाडौंतर्फको यात्रा पुनः अघि बढाइने चेतावनी पनि आन्दोलनले दिएको छ ।

आन्दोलनका नेताहरूले वार्तालाई निष्कर्षमा पुऱ्याउन सरकार गम्भीर बन्नुपर्ने बताउँदै मिटरब्याज पीडितको न्याय सुनिश्चित नभएसम्म आन्दोलन निरन्तर जारी रहने स्पष्ट पारेका छन् ।

वार्तालाई निष्कर्षमा पुऱ्याउन मिटरब्याज पीडितले बनाएको वार्ता टोलीका प्रतिनिधिहरू काठमाडौं जान लागेको बुझिएको छ । वार्ता टोलीका एक सदस्य एवं संयुक्त जनअधिकार नेपालका अध्यक्ष निर्ग नविनले आफुहरू वार्ताका लागि काठमाडौं जान सिमरास्थित विमानस्थल पुगिसकेको बताएका छन् ।

उनले यसबीचमा ४ चरणको वार्ता भएको र अब निर्णायक चरणमा पुगेको बताएका छन् । उनले भने, 'झण्डै चार चरणका वार्ताहरू भए । ती वार्ताका क्रममा सरकार मिटरब्याज प्रथाको उन्मूलन, विशेष एन र विशेष अदालत गठन गर्न तयार भएपछि वार्ता निर्णायक चरणमा पुगेको हो । आज हामी औपचारिक हस्ताक्षरका लागि मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलनका अध्यक्ष अवधेश कुसवाहको पाँच जनाको वार्ता टोली बनाएका छौं ।'

मिटरब्याजीविरुद्ध किसान-मजदुर आन्दोलन केन्द्रीय समितिले सरकारसँग वार्ताका लागि ३ वटा बटम लाइन अघि सारेको छ । समितिका अध्यक्ष अवधेश कुसवाहाको अध्यक्षतामा सरकारसँग वार्ता गर्न ६ सदस्यीय वार्ता समिति बनाइए पनि सरकारका तर्फबाट भने समिति अझै बनेको छैन । ती समिति अविलम्ब बनाइयोस ।

# पूर्वाधार विकास कार्यालयमा तालाबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम, । मधेश प्रदेश सरकार अन्तर्गत रहेका जनकपुरधामस्थित पूर्वाधार विकास कार्यालय धनुषामा लापरवाही तथा अनियमितताको आरोप लगाउँदै निर्माण व्यवसायीहरूले कार्यालयको लेखा शाखामा लगाइएको तालाबन्दी जारी रहेको छ ।

बुधबार कार्यालय पुगेका निर्माण व्यवसायीहरूले विकास आयोजनासँग सम्बन्धित ठेक्का प्रक्रियामा आवश्यक कागजात र अभिलेख व्यवस्थित रूपमा तयार नगरिएको आरोप लगाएका छन् ।

उनीहरूका अनुसार कार्यालयका केही कर्मचारीको लापरवाही र आर्थिक चलखेलका कारण ठेक्का प्रक्रियामा गम्भीर त्रुटि देखिएको छ । यसको प्रत्यक्ष असर विशेषगरी साना निर्माण व्यवसायीहरूमा पर्न गएको छ ।

निर्माण व्यवसायीहरूले त्रुटिपूर्ण प्रशासनिक कार्यशैलीका कारण भुक्तानी प्रक्रिया प्रभावित भएको, अनावश्यक झन्झट बेहोर्नुपरेको तथा आर्थिक क्षति व्यहोर्न बाध्य भएको बताएका छन् । आफ्ना मागप्रति कार्यालय प्रशासनको ध्यानाकर्षण गराउन व्यवसायीहरूले लेखा शाखामा तालाबन्दी गर्दै दोषी कर्मचारीमाथि निष्पक्ष छानबिन गर्न, भएका त्रुटि तत्काल सच्याउन तथा पीडित निर्माण व्यवसायीहरूको समस्या शीघ्र समाधान गर्न माग गरेका छन् ।

उनीहरूले कार्यालय प्रशासनले समयमै आवश्यक पहल नगरे आन्दोलनलाई थप सशक्त बनाइने चेतावनीसमेत दिएका छन् । घटनाबारे पूर्वाधार विकास कार्यालय धनुषाको आधिकारिक प्रतिक्रिया आउन सकेको छैन । यसअघि पनि निर्माण व्यवसायीहरुले भुक्तानी बक्यौता रहेको भनी पूर्वाधार विकास कार्यालय तालाबन्दी गरेका थिए ।

भवन निर्माण सम्बन्धी योजनाको रकम निकासा रोकिएपछि उनीहरुले आन्दोलित भएको थियो । पछि मन्त्रिपरिषदको बैठकबाट भवन निर्माण सम्बन्धी रोक्का गरिएको रकम निकासा फुकुवा गरेको थियो ।

# वीरगञ्जको सडक विस्तार रोकियो

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्ज महानगरपालिका क्षेत्रको मुख्य सडक विस्तार हाल रथ यात्राको दृष्टिगत गर्दै केही दिनका लागि रोकिएको छ ।

सडक डिभिजन हेटौंडाका इन्जिनियर तथा वीरगन्जका लागि तोकिएका फोकल पर्सन दुर्गा प्रसादका अनुसार बुधबार दिउँसो २ बजेसम्म मकालु होटलदेखि विर्ता मन्दिरबीचको क्षेत्रका केही अग्ला घर भत्काइएको छ र हाल केही दिनका लागि रथयात्राको दृष्टिगत गर्दै रोकिएको छ ।

बुधवार नाला र फुटपाथको सरसफाईको प्राथमिकता दिइएको र त्यस काममा कार्यालयका २/३ वटा उकपरण निरन्तर परिचालन भई रहेको उनले बताए । बिहीबारदेखि केही दिनका लागि सडक विस्तार रोकिएको प्रसादले जानकारी दिए । 'बिहीबार वीरगन्जमा गहवामाईको रथ यात्रा छ । यस्तै, हाम्रा अधिकांश कर्मचारी निरन्तरको काम र गर्मी र धपेडीका कारण बिरामी परेका छन्,' उनले भने, 'अब साउनको २ वा ३ गतेबाट पुनः काममा फर्किन्छौं ।'



गत ६ र ७ वैशाखमा सडक विभागले पहिलो चरणमा मुख्य सडक क्षेत्रका करिब १२०० घर तथा भवनमा डोजर चलाएको थियो । त्यसक्रममा अधिकांश संरचनाको अगाडिको भाग भत्काइएको थियो भने सडक सीमा क्षेत्रमा परेका संरचना २५ दिनभित्र आफैं हटाउन सम्बन्धितलाई आग्रह गरिएको थियो ।

तर समयसीमा सकिँदा समेत धेरै संरचना यथावत् रहेपछि विभागले डेढ साताअघि दोस्रो चरणको अभियान अघि बढाएको हो ।यस अवधिमा कार्यालयले उत्तर गण्डक र दक्षिण मितेरी पुल तर्फबाट गरी करीब १२५ भवन तथा संरचाना भत्काएको छ । अहिले त्रिभुवन राजपथको पूर्वतर्फको संरचना मात्रै भत्काइँदै छ । पश्चिमतर्फ हालसम्म डोजर चलाइएको छैन ।

# सहमतिपछि रोकियो उखु किसानको आन्दोलन

**टुडे समाचारदाता**

रौतहट । सात दिनभित्र सरकारी अनुदान भुक्तानी प्रक्रिया अघि बढाउने सहमतिपछि आफ्ना सबै आन्दोलनका कार्यक्रम रौतहटका उखु किसानहरु आन्दोलन स्थगित गरेका छन् । सरकारी उखु अनुदान रकम भुक्तानीमा भएको ढिलाइ भएको भन्दै उखु किसान संघ रौतहट आन्दोलनमा उत्रेका थिए ।



जिल्ला प्रशासन कार्यालय रौतहटमा बिहीबार प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको उपस्थितिमा तथा सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्रकुमार यादवको अध्यक्षतामा भएको छलफलपछि यस्तो सहमति भएको हो। छलफलमा उखु उत्पादक संघका जिल्ला अध्यक्ष अशोक यादवसहित किसान प्रतिनिधिहरू सहभागी थिए ।

बैठकले उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि (संशोधन), २०७५ अनुसार योग्यता पुगेका किसानलाई अनुदान उपलब्ध गराउने प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरेको छ। त्यसका लागि सबै स्थानीय तहले सात दिनभित्र किसानको विवरण र आवश्यक कागजात सम्बन्धित निकायमा बुझाउने तथा रुजु प्रक्रिया पूरा भएपछि नियमानुसार अनुदान भुक्तानी गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

निर्णयमा किसानको विवरण संकलनलाई प्रभावकारी बनाउन सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र कृषि शाखालाई सक्रिय रूपमा परिचालन गर्ने तथा प्रक्रिया छिटो सम्पन्न गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने उल्लेख गरिएको छ ।

उखु उत्पादक संघका जिल्ला अध्यक्ष अशोक यादवले किसानको अनुदान रकम सुरक्षित रहेको र आवश्यक कागजात पूरा हुनेबित्तिकै भुक्तानी प्रक्रिया सुरु गर्ने प्रशासनसँग सहमति भएको बताए। सोही सहमतिका आधारमा हालका लागि आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको उनले जानकारी दिएका छन् ।

प्रमुख जिल्ला अधिकारी भुसालका अनुसार उखुको प्रमाणीकरण सम्बन्धित चिनी उद्योग (मिल) ले गर्ने र किसानको प्रमाणीकरण स्थानीय तहबाट हुने व्यवस्था गरिएको छ। आवश्यक कागजात पूरा भएपछि अनुदान भुक्तानी समितिले प्रक्रिया अघि बढाउने र एक साताभित्र किसानको बैंक खातामै रकम जम्मा हुने गरी तयारी गरिएको उनले बताए ।

यसअघि प्रशासनिक ढिलाइका कारण करिब ७ करोड रुपैयाँ बराबरको अनुदान रकम फ्रिज भएको थियो । माथिल्लो निकायसँग समन्वय गरी उक्त रकम पुनः उपलब्ध गराउने आश्वासन प्राप्त भएको उखु उत्पादक संघले जनाएको छ ।

अनुदान वितरण प्रक्रियामा भएको ढिलाइ र सहायक प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादनप्रति असन्तुष्टि जनाउँदै किसान आन्दोलनमा उत्रिएका थिए । बुधबार साँझ गरुडा-झाँझ पुल क्षेत्रमा टायर बालेर प्रदर्शन गर्नुका साथै गौर-चन्द्रपुर मुख्य सडक करिब चार घण्टा अवरुद्ध गरेका किसानले प्रशासनसँग सहमति भएपछि आन्दोलन स्थगित गरेका हुन् ।




मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons)
तहको प्रवेश परिक्षाको Online
आवेदन फाराम भर्ने सम्बन्धी
सूचना



शैक्षिक सत्र २०८३/०८४ का लागि कृषि संकायमा कृषि स्नातक तह (B.Sc. Ag. Hons) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८३/०३/३२ गते देखि मितिच २०८३/०४/२९ गतेसम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं ।

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसंग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८